## मनोरञ्जन समाचार

# कलाकारलाई हेर्न महोत्सवमा भीड, फिल्म लाग्दा हल खाली

**■ सिन्धुली सौगात**

काठमाडौं, - महोत्सवमा फिल्मका चर्चित कलाकारहरु पुग्दा दर्शकको भीड थामिनसक्नु हुन्छ। उनीहरुको एक झलक हेर्नकै लागि घन्टौं कुर्छन्। तर, त्यही भीड त्यही कलाकारको फिल्म प्रदर्शन हुँदा किन हलमा देखिँदैन ? यो अहिलेको सबैभन्दा सोचनीय विषय हो। यदि महोत्सवमा कलाकारका लागि देखिने दर्शकको भीड हलमा पनि देखिन्थ्यो भने सम्भवतः वर्षमा फ्लप फिल्म खोज्न नै गाह्रो पर्थ्यो।

अभिनेता पल शाह केही दिनअघि रुकुम महोत्सवमा सहभागी हुन खलंगा पुग्नु भएको थियो। उहाँका लागि आयोजकले ओहोर-दोहोरका लागि हेलिकप्टर 'बुक' गरेका थिए। महोत्सवमा उहाँलाई हेर्न ३० हजारभन्दा बढी दर्शक उपस्थित थिए। तर, जेल जानुअघि उहाँका फिल्मलाई हलमा दर्शक अभाव हुने गर्थ्यो। 'वीर विक्रम २' यसको उदाहरण हो। अबको अवस्था कस्तो हुन्छ, त्यो हेर्न बाँकी छ।

सोही महोत्सवमा तीन दिनअघि अभिनेता आर्यन सिग्देल पनि पुग्नु भएको थियो। उहाँलाई हेर्न पनि दर्शकको ठूलो भीड लागेको थियो। उहाँले सामाजिक सञ्जालमा सेअर गरेको तस्विरहरु हेर्दा १० हजारभन्दा बढी दर्शक महोत्सवमा उपस्थित भएको देखिन्छ। उहाँले महोत्सवमा केही गीतमा नृत्य समेत गर्नु भयो। यसअघि पनि उहाँ केही महोत्सवमा पुग्दा दर्शकको ठूलो उपस्थिति देखिने गरेको थियो। तर, महोत्सवमा उहाँलाई हेर्न लाग्ने भीड हलमा भने देखिन सकेको छैन। यसैले त उहाँका पछिल्ला कुनै फिल्म सफल छैनन्। गत पुषमा प्रदर्शन भएको फिल्म 'डिसेम्बर फल्स'प्रति उहाँलाई ठूलो आशा थियो। तर, फिल्मले दर्शक नै पाएन। एउटा कलाकारलाई महोत्सवमा देखिने भीडभन्दा फिल्म हेर्नका लागि हलमा लाग्ने भीडले अर्थ राख्छ। आर्यन भने महोत्सवकै भीडमा रमाउनु भएको छ।

# सरकार विस्तारमा सकस

**■ सिन्धुली सौगात**

काठमाडौं- प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतिनिधिसभाबाट विश्वासको मत लिएसँगै सत्ता गठबन्धन बीचमा मन्त्रालय भागबण्डाको कसरत सुरु भएको छ। गठबन्धन आबद्ध दलहरूले प्रधानमन्त्री दाहाल दबाबमा पर्नुभएको छ।

संविधानको धारा ७६ को उपधारा ९ अनुसार मन्त्रिपरिषद् प्रधानमन्त्रीसहित २५ सदस्यीय हुने व्यवस्था छ। हाल सरकारमा प्रधानमन्त्री, १ उपप्रधानसहित ५ क्याविनेट मन्त्री र एक राज्यमन्त्रीसहित सात जना छन्। अब संविधानअनुसार प्रधानमन्त्रीले १८ जना मन्त्री सरकारमा थप राख्न पाउँछन्। प्रधानमन्त्री दाहालले प्रतिनिधिसभाबाट विश्वासको मत लिएसँगै सत्ता गठबन्धनका बीचमा मन्त्रालय भागबन्डाको कसरत सुरु भएको हो।

गठबन्धन आबद्ध दलहरूले हैसियत बढी मन्त्रालय दाबी गर्न थालेपछि प्रधानमन्त्री दबाबमा पर्न थालेका छन्। ६ दलको गठबन्धन फोरेर नयाँ गठबन्धनसंग मितेरी गाँस्न आइपुगेका दाहालका लागि हाल सहभागी १० गठबन्धन दलका आकांक्षीहरुको व्यवस्थापन कम चुनौतीपूर्ण छैन। हालको सत्ता गठबन्धनमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी राष्ट्रिय जनमोर्चा, आमजनता पार्टी, नेपाल समाजवादी पार्टी छन्। प्रधानमन्त्रीलाई प्रतिनिधिसभामा विश्वासको मत दिएको दल राष्ट्रिय स्वतन्त्र पार्टी पनि सरकारमा सहभागी हुने दाउमा छ।

गठबन्धन आबद्ध दलहरूबीच मन्त्रिपरिषद् विस्तारको विषयलाई लिएर आन्तरिक छलफलसमेत सुरु भइसकेको छ। प्रधानमन्त्री दाहालले सांसदको संख्याका आधारमा मन्त्री बाँडफाँट गर्नेगरी मापदण्ड बनाउन तयार गरेको बुझिएको छ। स्रोतका अनुसार वर्तमान गठबन्धनको मुख्य तथा निर्णायक दल नेपाली काँग्रेसले नौ मन्त्रालयमा दाबी राखेको छ। कांग्रेसले गृह मन्त्रालयमा मुख्य जोडबल गरिरहेको छ। तर, प्रधानमन्त्री दाहाल भने काँग्रेसलाई अर्थ मन्त्रालयसहित सात मन्त्रालय दिने सोचमा हुनुहुन्छ।

यसैगरी, माओवादी केन्द्रले हाल लिइरहेको मन्त्रालयमा हेरफेर गर्ने माओवादीको तयारी छ। माओवादी केन्द्रले हाल लिएको भौतिक मन्त्रालय छाडेर गृहमा आँखा लगाएको छ।

यसैगरी, जनता समाजवादी पार्टीले चार मन्त्रालयमा दाबी गरेको छ। नेकपा एकीकृत समाजवादीले तीनवटा मन्त्रालय पाउनुपर्ने बताइरहेको छ। राष्ट्रपतिमा गरेको सम्झौता सरकार विस्तारमा शक्तिशाली मन्त्रालय लिएर फत्ते गर्ने ताकमा एकीकृत समाजवादी छ। यसैगरी, नागरिक उन्मुक्ति पार्टीले दुई मन्त्रालयमा दावी गरिरहेको छ।

जनमत पार्टी दुई मन्त्रालय पाउनुपर्ने बताइरहेको छ। यस्तै, लोकतान्त्रिक समाजवादीको दाबी पनि दुई मन्त्रालयमा छ। प्रभु शाह अध्यक्ष रहेको आमजनता पार्टीका तर्फबाट शाह आफैं मन्त्री बन्न इच्छुक हुनुहुन्छ। यस्तै, बाबुराम भट्टराई नेतृत्वको दल समाजवादी पार्टीले पनि एउटा मन्त्रालयको माग गरिरहेको छ। सरकारलाई विश्वासको मत दिएको राष्ट्रिय स्वतन्त्र पार्टीले उपप्रधानसहित चार मन्त्रालय मागेको बताइएको छ।

गठबन्धनका दल मात्र होइन, स्वतन्त्र हैसियतमा चुनाव जितेका डा. अमरेशकुमार सिंह, योगेन्द्र मण्डललगायतका सांसद पनि सरकारमा जाने मनस्थितिमा देखिन्छन्। एउटा गठबन्धन भत्किएर अर्को गठबन्धन बनेपनि त्यसको अन्तिम गन्तव्य पदीय लिप्सामै टुंगिएको छ। संघीय चुनाव सम्पन्न भएको चार महिना नवित्दै राजनीतिक दलहरु नेता कार्यकर्ता व्यवस्थापनमा केन्द्रित हुनु आफैंमा दुखद छ।

## खेल समाचार

# नेपालको वरीयतामा सुधार

**■ सिन्धुली सौगात**

काठमाडौं - नेपाली राष्ट्रिय क्रिकेट टिमको एकदिवसीय वरीयता सुधार भएको छ। पछिल्ला १२ मध्ये ११ एकदिवसीय खेलमा लगातार जित निकाल्दै विश्वकप छनोटमा स्थान बनाएको नेपालले वरीयता सुधार गरेको हो।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् ( आईसीसी)ले बुधबार सार्वजनिक गरेको वरीयतामा नेपाल १५ औं स्थानमा उक्लिएको छ। यसअघि नेपाल १६ औं स्थानमा रहेको थियो। ओमानलाई पछि पार्दै नेपाल १५ औं स्थानमा उक्लिएको हो। नेपालभन्दा पछाडि ओमान, नामिबिया, अमेरिका, युएई र पपुवा न्युगिनी रहेका छन्।

एसोसियट राष्ट्रतर्फ स्कटल्यान्ड शीर्ष स्थानमा कायमै रहेको छ। स्कटल्यान्ड १२ औं स्थानमा कायम रहँदा नेपालभन्दा अगाडि नेदरल्यान्ड्स र स्कटल्यान्ड रहेका छन्। भारत वरीयताको शीर्ष स्थानमा रहँदा अष्ट्रेलिया दोस्रो, न्युजिल्यान्ड तेस्रो र इंग्ल्यान्ड चौथो स्थानमा रहेका छन्।

◆ ***सन्दीपको स्थान खस्कियो :*** यसैबिच आईसीसीले बुधबार सार्वजनिक गरेको एकदिवसीय बलिङ वरीयतामा नेपाली टिमका स्पिनर सन्दीप लामिछाने एक स्थान घटुवा हुनुभएको छ।

नयाँ वरीयतामा सन्दीप २२औं स्थानमा हुनुहुन्छ। सन्दीप गत हप्ता वरीयताको २१औं स्थानमा हुनु हुन्थ्यो। एकदिवसीय बलिङ वरीयताको शीर्ष १०० भित्रमा सन्दीपबाहेक नेपालका तीन बलर अटाएका छन्। नेपाली टिमका दीपेन्द्रसिंह ऐरी वरीयताको ५६औं स्थानमा, सोमपाल कामी ६७औं स्थानमा र करण केसी ९६औं स्थानमा हुनुहुन्छ। यस्तै, एकदिवसीय क्रिकेटको ब्याटिङ वरीयतामा नेपालका दुई ब्याटरले शीर्ष १०० भित्र स्थान बनाएका छन्। नेपाली टिमका कप्तान रोहितकुमार पौडेल वरीयताको ५७औं स्थानमा र आसिफ शेख ६७औं स्थानमा हुनुहुन्छ्। एकदिवसीयको बलिङ वरीयताको शीर्ष स्थानमा अस्ट्रेलियाका जस हेजलउड र ब्याटिङ वरीयताको शीर्ष स्थानमा पाकिस्तानका कप्तान बाबर आजम हुनुहुन्छ।

# 'मान्छेको मुख थुन्नुपर्ने कस्तो दिन आयो ?'

**■ सिन्धुली सौगात**

काठमाडौं - राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले मान्छेको मुख थुन्नुपर्ने कस्तो दिन आयो भनेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रश्न गर्नु भएको छ।

प्रधानमन्त्री प्रचण्डविरुद्ध नाराबाजी गर्ने युवाहरूको सुरक्षाकर्मीहरूले मुख थुनेको तस्वीर सामाजिक सञ्जालमा राख्दै लिङ्देनले लेख्नु भएको छ, "हामीले गणतन्त्र ल्यायौं, संघीयता ल्यायौं, धर्मनिरपेक्षता ल्यायौं र त सबैले बोल्न पाएका छौं भन्नुहुने कमरेड प्रचण्ड हेर्नुहोस् त हेर्दाहेर्दै मान्छेको मुख थुन्नुपर्ने कस्तो दिन आयो ?"

लिङ्देनले चाँडो भन्दा चाँडो बैंक तथा वित्तीय संस्थाहरूको चर्को ब्याजदर घटाउन तथा देशभित्रै रोजगारी सिर्जनाको वातावरण बनाउन आग्रह गर्नु भएको छ। "अन्यथा मुख थुनेर त के बन्दुकले पनि आवाजहरू थुनिन्नन", लिङ्देनले प्रचण्डलाई मेन्सन गर्दै अगाडि लेख्नु भएको छ, "जो तपाईं स्वयम्लाई सबैभन्दा राम्रो थाहा छ।"

◆ ***'कु-बुद्धि कस्ले सिकायो ?'***

यसैगरी नेकपा एमालेका नेता भीम रावलले प्रहरीले मुख थुनेर बोल्न नदिएको बिषयमा आपत्ति जनाउनु भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड उपस्थित एक कार्यक्रममा सहभागी युवाले नाराबाजी गरे पछि प्रहरीले युवाहरुको मुख थुनिदिएको थियो, सोही घटनालाई लिएर रावलले आपत्ति जनाउनु भएको हो। "जनताको मुख थुन्ने तथा देश, विदेशलाई हेर्ने आफ्नै विवेकको आँखा थुन्ने तर दलाल पूँजिपति र वाह्य हस्तक्षेपकारीहरूलाई देश, सँस्कृति र राज्यमा दाईं गर्न खुला छोड्ने ? यस्तो कुबुध्दि कसले सिकायो ?" रावलले ट्विट गर्दै भन्नु भएको छ।


**डढेलोबाट बचौं र बचाऔं।**

सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउंमा नराखौ, जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसंग निभाऔं, वन जंगलमा धुम्रपान नगरौं, हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्, जन,धन र वनको संरक्षण गरौं। सचेत बनौं, डढेलोवाट आफूपनि बचौ र अरुलाई पनि वचाऔं।

**कमलामाई नगरपालिका, सिन्धुली**



*सिन्धुली सौगात दैनिक पत्रिका* अनलाईनबाट हेर्नकालागि **epaper.sindhulisaugat.com** खोल्नुहोस्। हामी नियमित अनलाईनमा पनि छौं। सिन्धुलीको हरेक समाचारसँग अपडेट रहन **sindhulisaugat.com** खोल्नुहोस्।


## अन्तर्राष्ट्रिय समाचार

# एक बोरा सिक्काले एउटा स्कुटी !

**■ रासस/एएनआई**

गुवाहाटी, - यहाँको बोरागाउँ क्षेत्रका एक जना बासिन्दाले एक बोरा सिक्काले एउटा स्कुटी खरिद गरेका छन्। सानो पसल सञ्चालन गर्दै आएका मोहम्मद सैदुल हकले विगत छ वर्षदेखि रु १, २, ५ र १० का सिक्का जम्मा गरेर नयाँ स्कुटी खरिद गरेका हुन्।

अर्थाभावका कारण स्कुटी किन्न नसेकेका हकले लामो समयदेखिको आफ्नो सपना साकार पार्न सिक्का सङ्कलन थालेका थिए। उनको यो प्रयासलाई प्रेरणादायी अभ्यास भन्दै स्कुटी शोरूमका बिक्रेता मनिष पोद्दारले हकलाई यसैगरी एक दिन चारपाङ्ग्रे सवारी साधन खरिद गर्ने अवस्थामा पुर्‍याउन बताएका छन्। एक बोरा सिक्का लिएर शोरूममा आएका हकलाई देख्दा प्रारम्भमा आश्चर्य मानेका ती बिक्रेताले बोराका सिक्का गन्दा रु ९० हजार रहेछ। बिक्रेताले हकको चाहनाअनुसारको स्कुटी उनलाई हस्तान्तरण गरे। एक बोरा सिक्का जम्मा गरेर स्कुटी किन्न सकेकामा हर्षित उनले आफ्नो सपना पूरा भएको बताएका छन्। पोद्दारले बोरामा सिक्का बोकेर आएका हक र उनले आफ्नो पसलबाट स्कुटी खरिद गरेको समाचार स्थानीय टेलिभिजनमा देख्दा तथा पत्रपत्रिकामा पढ्दा आफूलाई ज्यादै खुशी लागेको एएनआई संवाददातालाई बताएका छन्।


**Phikkal Rural Municipality**
**Office of Rural Municipal Executive**
**Khangsang, Sindhuli**

## Invitation for Sealed Quotation

*Date of First Publication: 2079/12/09 (23 March 2023)*

1.Phikkal Rural Municipality, Khangsang, Sindhuli invites electronic sealed quotations from eligible bidders for the procurement of goods mentioned below:

| S.N. | Sealed Quotation No. | Name of Project | Estimated Amount (Including VAT) (NRs.) | Bid Securtiy (NRs.) | Sealed Quotation Doc. Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | FRM/Sindhuli/ Goods/SQ/01/079-080 | Procurement of Gabion Boxes. | 14,34,309.00 | 40,000.00 | 1000.00 |

2.Bidder should submit their sealed quotation electronically and may download the quotation documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of sealed quotation document as mentioned above in Revenue Account in Prime Commercial Bank, Phikkal Branch ***Account Name: FIKKAL GA.PA. (GA 1.1) AANTARIK RAJASWO, Account No. 07800280CA with Office Code No. 801032506 and Revenue Heading No. 14229.***

3.Sealed Quotation must be valid for 45 days after opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting as mentioned above or should deposit the amount in Prime Commercial Bank Phikkal Branch, ***Account Name: FIKKAL GA.PA. (GA-3) DHARAUTI KHATA, Account No. 07800288CA***, which shall be valid for 30 days beyond the sealed quotation validity.

4.Last date of sealed quotation submission is 2079/12/24 (7 April, 2023) at 12:00 hrs and bid opening shall take place in Phikkal Rural Municipality office on 2079/12/24 (7 April 2023) at 13:00 hrs.

***Chief Administrative officer***


## रोचक प्रसङ्ग

# आफूभन्दा २४ वर्ष जेठो पुरुषसँग विवाह

अमान्डा क्यानन नामकी महिलाले अन्तिम समयमा आफ्नो प्रेमीसँगको विवाह तोडिन्। केवल यसकारण किनकि उनले महसुस गरिन् कि उनी आफ्नो प्रेमीसँग बस्न सक्दिनन्। यसपछि उनले आफूभन्दा २४ वर्ष जेठो पुरुषसँग विवाह गरिन्।

अब दुवैको पहिलो सन्तान जन्मन लागेको छ। यो घटना अमेरिकाको नर्थ क्यारोलिनाको हो। ३० वर्षीया अमान्डा आफ्नो विवाह टुटेपछि केही समय अविवाहित थिइन्। त्यसपछि उनी ५४ वर्षीय रेडियो डीजे एससँग पहिलो नजरमा प्रेममा परिन्।

एसले आफ्नी पहिलो पत्नीसँग सम्बन्धविच्छेद गरेका थिए र फेरि कहिल्यै विवाह नगर्ने वाचा गरेका थिए, तर त्यसपछि उनले अमान्डालाई भेट्टाए। एस भन्छन्, "पहिलो सन्तान हुँदा म ३० वर्षको थिएँ र यो बच्चाको जन्म हुँदा म ५५ वर्षको हुनेछु।" अमान्डाले अप्रिल २०१७ मा आफ्नो कलेजदेखि नै माया गरेको मान्छेसँग विवाह तोडिन्। उनी केही समय अविवाहित बसिन्। यसको पछाडिको कारण बताउँदै उनले भनिन्, "मलाई पुरानो सम्बन्धमा हराएको र थकान महसुस हुन्थ्यो। मैले बिहे तोडिदिएँ किनकी मलाई भित्रैबाट लाग्यो कि मैले यो गर्नु पर्छ।'

अमान्डा भन्छिन् कि उनी अगाडिबाट एसनजिक गइन्। उनी भन्छिन्, "प्रेम भनेको माया हो, आफूभन्दा जेठो वा कान्छोलाई माया गर्न सकिन्छ। सायद हाम्रो आत्मा फरक समयमा भेटिएको छ। मलाई थाहा थियो उनी को हुन् र म उनको नजिक गएँ र आफ्नो बारेमा भनें।"

एससँगको भेटबारे बताउँदै उनले थपिन्, "हामीले नम्बर आदानप्रदान गर्यौं र हामी तुरुन्तै एक अर्काप्रति आकर्षित भयौं।" जहाँ एस भन्छन्, "त्यतिबेला मेरो सम्बन्ध विच्छेद भएको थियो, म घरमा एक्लै बस्ने गर्थे। म त्यसबेला फिश टाकोज खाँदै बसेको थिएँ, त्यसपछि उनी आएर आफ्नो परिचय दिन थालिन्। म उनको सुन्दरतामा तुरुन्तै आकर्षित भएँ, तर मलाई थाहा थियो कि हामी बीचको उमेरको ठूलो अन्तर थियो। यति सुन्दर केटीले मप्रति चासो राख्लिन् भनेर मैले कहिल्यै सोचेको थिइनँ।" यहीँबाट मात्रै दुवै सम्बन्धमा आए।

अमान्डा भन्छिन् कि जवान केटाहरू अपरिपक्व हुन्छन् र केटीहरूलाई छोड्छन्। जहाँ एस ५४ वर्षको भइसकेका छन् र उनीहरूलाई कहिलेकाहीँ मानिसहरूले बाबु र छोरी भनेर गल्ती गर्छन्। दुबैले अनलाइन संसारमा पनि मानिसहरूको आलोचनाको सामना गर्नु परेको छ।

भेटपछि एसले अमान्डालाई न्युयोर्कको एक रेस्टुरेन्ट बाहिर विवाहको प्रस्ताव राखेन्। दुवैले जमैकामा नजिकका आफन्तबीच विवाह गरेका हुन्। अमान्डा भन्छिन्, "मैले गलत निर्णय लिएको जस्तो मलाई पटक्कै लागेन। मलाई यो सहि हो जस्तो लाग्यो।"